# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, वैशाख २० गते, २०८० साल (अतिरिक्ताङ्क २


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८० सालको अध्यादेश नं.१

### <u>मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश</u>

**प्रस्तावनाः** अनुचित लेनदेन सम्बन्धी कार्यलाई कसूर कायम गर्नको लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" रहेको छ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ।

**२.** **<u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि देहायको दफा २४९क. थपिएको छः-

"२४९क. <u>अनुचित लेनदेन गर्न नहुने:</u> (१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछः-

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(ग) लेनदेन गर्दाकै बखतमा ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने,

(घ) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(च) ऋणको साँवाभन्दा बढी ब्याज लिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले ऋणीलाई उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।

(४) उपदफा (१) वा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(५) अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा कुनै अन्य चल सम्पत्ति लिएको रहेछ भने सम्बन्धित ऋणीलाई त्यस्तो रकम वा चल सम्पत्ति बराबरको रकम कसूरदारबाट भराइदिनु पर्नेछ।

(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ।"

३. **<u>मुलुकी देवानी संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी देवानी संहिता, २०७४ को,-

(१) दफा ४७७ को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ञ१) लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक एक जना साक्षीको नाम, थर र ठेगाना,"

(२) दफा ४८८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर एक लाख रुपैयाँभन्दा बढीको लेनदेन कारोबार नगदै वा घरसारमा गरेको अवस्था भएमा त्यस्तो रकम भराई दिइने छैन।"

४. **<u>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा संशोधन</u>**: मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को,-

(१) उपदफा (२) मा रहेका "विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने" भन्ने शब्दहरुको सट्टा "विनिमेय अधिकारपत्र मार्फत वा बैङ्क तथा वित्तीय संस्थासँग कारोबार हुने" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ।

(३ख) उपदफा (३क) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नु अघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।"

(३) उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) वा (३क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत दर्ता गरेको अभिलेख राख्नु पर्नेछ।"

**५.** **<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"३०क. <u>सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा कारबाही हुनेः</u> अनुसन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसूरमा अनुसन्धान गर्दा साहुले अस्वभाविक रुपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी कारबाही चलाइनेछ।"

(२) दफा ११७ को उपदफा (२) मा रहेका "सर्वसाधारणको ठगी" भन्ने शब्दहरुको सट्टा "सर्वसाधारणको ठगी, अनुचित लेनदेन" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी कैदको सजाय भएको कसूरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।"

(४) अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को उपखण्ड (२०) मा रहेका "दफा २४९" भन्ने शब्दहरुपछि ", दफा २४९क." भन्ने शब्दहरु थपिएका छन्।

प्रमाणीकरण मितिः २०८०।०१।२०

**आज्ञाले,**
**धनराज ज्ञवाली**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।